# आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

मायादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

२०८० असार १० गते

# मायादेवी गाउँपालिकाका सभामा प्रस्तुत २०८०/०८१ को नीति तथा कार्यक्रम

मायादेवी गाउँपालिकाका उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीमित्रहरु विभिन्न संघ, संस्थाका प्रतिनिधिहरु, पत्रकार मित्रहरु, लगायत उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरुमा मायादेवी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा आभार व्यक्त गर्दछु । आज हामी यस ऐतिहासिक घडीमा स्थानीय सरकारको रुपमा मायादेवी गाउँपालिकाको नीति तथा कार्यक्रम निर्माणको सातौँ वर्षमा प्रवेश गरेको पाउँदा हामी आफैमा गौराम्वित भएकाछौँ।

यो अवसर जुटाउनका लागि नेपाली आमाका सपुतहरुले बलिदानी पूर्ण संघर्ष र साहदत प्राप्त गरेका शहिदहरु प्रति भावपूर्ण श्रद्धञ्जली अर्पण गर्दछु साथै घाईते र अपाङ्गता भएका व्यक्तिहरु प्रतिसम्मान व्यक्त गर्दछु । विभिन्नकाल खण्डमा भएका आन्दोलन र मूलत २००७ को परिवर्तन पछि जनताले आफ्ना प्रतिनिधिहरुबाट बनाएको संविधानबाट शासन गर्ने चाहना दोस्रो संविधान सभाको निर्वाचनबाट सफलता प्राप्त गरेको छ । हाल मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासको चरणमा प्रवेश गरेको छ । अझै केन्द्रिकृत मानसिकता र शासन व्यवस्थापन तथा खटन पटनमा समस्या रहेको छ । अहिले पनि केन्द्रमुखी कर्मचारीतन्त्र सोच र केन्द्र सरकारले संघीयताको मर्म बमोजिम सम्पादन गर्ने कामको ढिलाईले गर्दा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नमा कठिनाई महसुस भएको छ । दिगो विकास ,मानव अधिकार, संस्थागत सुशासन, पारदर्शिता, स्वच्छतामा निष्पक्ष, जवाफदेहिता र कानुनीराज्यविना "सुखी नेपाली समृद्ध नेपाल"को कल्पना गर्न सकिदैन । तीन तहकै सरकारले गर्ने कामको देखिने आधारजग भनेको स्थानीय सरकार हो । सिंहदरवारको अधिकार गाउँमा आएको हल्ला भएको छ तर मानसिकता केन्द्रिकृत छ । केन्द्र सरकारले समयमा ऐन, कानुन, नीति,नियम तथा निर्देशिका बनाउनु र पर्याप्त आर्थिक, भौतिक व्यवस्थापन, आवश्यक कार्यालय व्यवस्थापन र श्रोत साधनको व्यवस्थापन नहुनले काममा समस्या सृजना भएको छ तसर्थजनताका लागि प्रवाह हुने दैनिक सेवाहरु प्रभावित भएका छन् । आज कार्यपालिका, न्यायिक कार्यसम्पादन र व्यवस्थापीकाको अधिकार स्थानीय सरकारमा हुनुले जनताले पाउने सेवा सुविधामा सुगमताको सृजना भएता पनि पूर्ण रुपमा प्रयाप्त छैन ।

आदरणीय यहाँ उपस्थित सभासदस्य ज्यूहरु आज यो अवस्थामा आउनका लागि हामीले एक दशक लामो राजनैतिक संक्रमणबाट द्वन्दको रुपान्तरण भईनेपालको संविधान २०७२ घोषणाले आज नयाँयुगको अनुभुती हामी सबैले गरेकाछौँ। संघीयताको आफ्नै मौलिक अभ्यासको शुरुवात हामीले गरेका छौ । लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने जिम्मेवारी र कमि कमजोरी सच्चाउदै अगाडी बढने प्रयास सबैबाट हुन जरुरी रहेको छ। यस गाउँपालिकाको समग्र विकासको लागि विगतमा छुटेका महत्वपूर्ण कार्यहरुलाई प्राथमिकतामा राखी आगामी आ.व. २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रममा समेटी यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौराम्वित छु ।

यस अवसरमा सभासदस्य ज्यूहरु लगायत गाउँपालिकालाई विभिन्न कार्यमा साथ र सहयोग गर्नु हुने सम्पूर्ण मायादेवी गाउँपालिकाका आदरणीय आमाबुवा, दिदि-बहिनी तथा दाजु भाईहरु लगायत सम्पूर्ण जनप्रतिनिधि एंव राजनैतिक दलहरु तथा सामाजिक विकास अभियन्ताहरुको पूर्ण सहयोग रहने विश्वास लिएको छु ।

सभासदस्य ज्यूहरु अब म यस मायादेवी गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु । स्थानीय तहकै दोस्रो कार्यकालको निर्वाचन पश्चात दोस्रो र यो गाउँपालिकाको स्थापना भएको सातौ बर्षमा प्रवेश भएको कुरा जानकारी गराउँद छु । यस सन्दर्भमा गाउँपालिकाको भौगोलिक क्षेत्र, नागरिकले प्रत्यक्ष अनुभुत गर्ने योजना तर्जुमा गर्नुको साथै कार्यन्वयनमा प्रत्यक्ष सहभागीगराउने माग र औचित्यमा आधारित विकास राष्ट्रले बोकेको सहसब्दी लक्ष्य एवंम दिगो विकासका सुचकहरुमा आधारित गति विधिहरु संचालन गरि यस क्षेत्रको जनताका लागि शिक्षा, स्वास्थ्य क्षेत्रको विकास गर्नुका साथै स्वरोजगार तथा आय-आर्जनमा बृद्धि हुने, सुशासन अभिबृद्धिका लागि कार्यक्रम संचालन गरि गरिबी न्यूनिकरण गर्ने प्रमुख नीति लिएको छु ।

**आदरणीय महानुभावहरु:**

आगामी आर्थिक बर्षमा मायादेवी गाउँपालिका नेपालको संविधान २०७२ को प्रचलित कानुन तथा नीति नियम र कार्यविधिहरु अनुसरण गर्दै सो सम्बन्धी नीति तथा कार्यक्रमको लागी निम्न प्रस्ताव पेश गरेको छु ।

## १. आर्थिक विकास

### १.१ कृषि/पशु

१.१.१. गाउँपालिकाको भूगोल, माटोको गुण क्षमता तथा अवस्था अनुसार कृषि बल्क र पाकेट क्षेत्र निर्धारण गरी वाली सिफारिस गर्ने छ ।

१.१.२. कृषिको उत्पादकत्व बृद्धि गर्न उन्नत विउ तथा मलखादका व्यवस्थापनका लागी पहल गर्नुका साथै सिचाई कुलो, पोखरी साथै वर्षाको पानी व्यवस्थापनमा जोडदिने र भौतिक संरचनाको निर्माण तथा मर्मत गरिने छ ।

१.१.३. युवाहरुलाई कृषिमा आकर्षण बढाउन व्यवसायिक हाईजेनिक टनेल खेति बेमौसमी तरकारी खेति तथा नगदेवालीको लागी आवश्यक अनुदानको व्यवस्था गरिने छ । साथै कृषिमा आधारीत युवा स्वरोजगार कार्यक्रमको लागी बजेट व्यवस्थापन गरिनेछ ।

१.१.४. कृषि तथा पशुजन्य उत्पादनलाई प्रसोधन गरि मुल्यबृद्धि श्रृंखलामा रुपान्तरण गरि बढी भन्दा बढी लाभ लिने कार्यक्रम संचालन गरिनेछ ।

१.१.५. पशु विमा तथा वाली विमा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ ।

१.१.६. परम्परागत खेति प्रणालीलाई आधुनिकता तर्फ उन्मुख गर्दै नगदे वाली र उन्नतजातका पशुपालनमा जोड दिनेछ साथै छाडा पशु व्यवस्थापनका लागी पहल गरिनेछ ।

१.१.७. कृषि तथा पशुजन्य वस्तुको उचित मुल्यका लागी संकलन केन्द्रको व्यवस्थापनमा जोड दिनेछ ।

१.१.८. खाद्यसुरक्षाको अधिकारलाई पूर्णरुपमा कार्यान्वयन गर्ने योजना निर्माण गरिने छ र कृषि लाई क्रमश: आधुनिकिकरण गरिदै लग्नेछ ।

१.१.९. साना किसान सहकारी संस्थामा बढी भन्दा बढी किसानलाई आबद्ध गरि सो संस्था मार्फत आय आर्जन तथा स्वरोजगार कार्यक्रम संचालन गरिने छ ।

१.१.१०. न्यून आय भएका व्यक्तिहरुको जिवनस्तर सुधार गर्न सामुहिक पशुपालन तथा कृषि जन्य उत्पादनलाई जोडदिईने छ साथै दलहनवाली, वेमौसमी तरकारी खेती पर्वधनमा जोडदिईने छ ।

१.१.११. कृषिमा अनुदानको व्यवस्थलाई कार्य योजनाको रुपमा लागु गरिनेछ ।

१.१.१२. हिउँदे बहुवर्षे घासको विउँ अनुदानमा वितरण गरिनेछ ।

१.१.१३. पशुहरुको नशल सुधारका लागि कृतिम गर्भधान कार्यक्रम तथा गोठ सुधारका लागि अनुदानको व्यवस्था मिलाईने छ ।

१.१.१४. कृषि उत्पादनमा बृद्धि ल्याउनका लागि सिचाई सुविधाको रुपमा पोल, तार, कृषि मिटर तथा अन्य आवश्यक यन्त्र उपकरण जडान गरिने नीति लिईनेछ ।

**१.२. उद्योग तथा बाणिज्य**

१.२.१. यस गाउँपालिका क्षेत्र भित्र साना तथा मझौला उद्योग स्थापना गर्नको लागी प्रोत्साहन गरिने छ ।

१.२.२. यस गाउँपालिका भित्र संचालनमा रहेका विभिन्न व्यापार तथा व्यवसाय दर्ताका लागि प्रत्यक वडामा घुमति शिविर सञ्चालन गरिनेछ ।

१.२.३. कृषिमा आधारित उद्योगलाई अनुदान तथा सहयोग उपलब्ध गराउन विभिन्न निकायमा सिफारिस गरिनेछ ।

**१.३. पर्यटन तथा साँस्कृतिक प्रवद्धन**

१.३.१. गाउँपालिका भित्र रहेका विभिन्न मठ, मन्दिर,मस्जिद तथा जलासय संरक्षण गर्नको लागि आवश्यक पहल गरिनेछ ।

१.३.२. गाउँपालिका भित्र रहेको सिसहनियाकोट लगायत अन्य कोटहरुको संरक्षण तथा प्रवर्धन गरी पर्यटकीय क्षेत्रमा विकास गरिनेछ ।

१.३.३. गाउँपालिका भित्र रहेका धार्मिकस्थलहरुको पर्यटकीय विकासको लागि आवश्यक पहल गरिनेछ ।

१.३.४. भाषा कला साँस्कृतिको संरक्षण तथा सम्बर्धनको लागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

२.३.५. सबै वर्गहरुको धर्म सँस्कृतिलाई जर्गेना गर्ने नीति लिईनेछ ।

२.३.६. मायादेवी गाउँपालिका भित्र मार्कको निर्माण गरिनेछ ।

**१.४. सहकारी**

१.४.१.कृषि तथा पशु सहकारी आधुनिक्ता तर्फ उन्मुख गरिनेछ ।

१.४.२. सहकारी संस्थालाई लेखा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ ।

**१.५ वित्तिय क्षेत्र**

१.५.१. स-साना सहकारीहरुलाई एकिकृत गराई पुजी बृद्धी मार्फत ग्रामिण क्षेत्रमा प्रभावकारी सेवाका लागि पहल गरिनेछ ।

१.५.२. गाउँपालिका भित्र विभिन्न क र ख वर्गका वित्तिय संस्थाहरु स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१.५.३. सहकारी र लघुवित्तिय संस्थाहरुको अनुगमन तथा नियमन गर्न सकारात्मक पहल गरिनेछ ।

**<u>२. सामाजिक विकास</u>**

**२.१. शिक्षा**

२.१.१. यस मायादेवी गाउँपालिका भित्र प्रावधिक शिक्षालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

२.१.२. गाउँपालिका भित्रका विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्न शैक्षिक व्यवस्थापन कोष स्थापना गरिनेछ ।

२.१.३. उमेर पुगका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालयमा ल्याउनको लागि सतप्रतिशत भर्ना अभियान संचालन गरिनेछ साथै संविधानद्वारा प्रदत अधिकार सुनिश्चितताका लागि आवश्यक पहल गरिनेछ ।

२.१.४. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा मातृ भाषामा शिक्षा उपलब्ध गराउन प्रोत्साहन गरिनेछ।

२.१.५. सम्पूर्ण विद्यालयहरुमा बालमैत्री अपाङ्गमैत्री तथा वातावणमैत्री पूर्वाधार निर्माण कार्यलाई अघि बढाईनेछ।

२.१.६. शैक्षिक गुणस्तर बृद्धि गर्न व्यवस्थापकीय पक्षलाई चुस्तदुरुस्त बनाउन विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता र नेतृत्व विकास तालम प्रदान गरिनेछ।

२.१.७. शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यार्थीहरुको नियमित क्षमता परिक्षण एवम शैक्षिक उपलब्धीको आधारमा विद्यालयहरुलाई पुरस्कृत र अनुदानको व्यवस्था गरिनेछ।

२.१.८. आवश्यक शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरिनेछ।

२.१.९.आगामी आर्थिक वर्ष देखि लागु हुने गरि दलित तथा अति विपन्न, लोपउन्मुखन तथा जेहेन्दार बालबालिकाहरुका लागी उच्च शिक्षा आध्यनका लागि कोष स्थापना गरिनेछ। उच्च तथा प्राविधिक शिक्षाका लागि सोकोषबाट जेहेन्दार विद्यार्थीहरुलाई आर्थिक सहयोगको नीति लिईनेछ।

२.१.१०. शिक्षाको गुणस्तर विकास गर्न शिक्षकलाई समय सान्दर्भिक तालिम उपलब्ध गराईनेछ।

२.१.११. विद्यालयहरुलाई सूचना तथा प्राविधिक मैत्री बनाउदै लैजाने नीतिलाई कायम गरिनेछ।

२.१.१२. बाल शिक्षा तथा शिक्षकहरुको पेशागत हितलाई ध्यानमा राखि निजहरुको सुविधा बृद्धि तर्फ आवश्यक व्यवस्था गरिनेछ।

२.१.१३. गाउँ शिक्षा योजना स्थानीय पाठयक्रम विकास प्रतिभा पहिचान जस्ता कार्यक्रमको साथै विद्यालयमा शौचालय सरसफाई र खानेपानीको व्यवस्थापनमा जोड दिईनेछ।

२.१.१४. मदरसाहरुलाई आवश्यकता अनुसार मूल प्रवाहीकरणमा ल्याउने र तह बृद्धि गर्ने तथा अध्ययनरत विद्यार्थीहरुका लागी आवश्यक पाठयपुस्तकहरु तथा स्वयमसेवक शिक्षकको व्यवस्थापन गरिने नीतिलाई अवलम्बन गरिनेछ।

२.१.१५. किशोरी शिक्षालाई प्रोत्साहन गरिनेछ।

२.१.१६. बाल केन्द्रित शिक्षण सिकाई क्रियाकलाप तथा बालमैत्री विद्यालय निर्माण गर्न नीति ल्याईनेछ।

२.१.१७. विद्यालय अनुमति तथा स्तरउन्नती कार्यलाई नियमानुसार अगाडी बढाईनेछ।

२.१.१८. विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ।

२.१.२९. यस गाउँपालिका भित्र क्याम्पस स्थापना संचालन गर्नको लागि संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ।

२.१.२०. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत स्थानीय तहमा नविनतम साझेदारीकोष संग सहकार्य गरि शिक्षा,स्वास्थ्य,कृषि,खानेपानी,भौतिक तथा सामाजिक विकासका योजना संचालन गरिनेछ।

२.१.२१. प्रत्येक वडाहरुमा लेख मैदान निर्माण गरिनेछ।

**२.२. स्वास्थ्य**

२.२.१.बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत हजार दिनका आमाहरुलाई विभिन्न किसिमको पोषण उपलब्ध गराउने नीति लिईनेछ।

२.२.२. सबै स्वास्थ्य संस्थामा चौमासिक रुपमा आवश्यक निशुल्क औषधीको व्यवस्थापन मिलाईनेछ।

२.२.३. सबै वडामा बर्थिङ्ग सेन्टर स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

२.२.४. गाउँपालिका भित्र विभिन्न ठाउँमा स्वास्थ्य तथा अन्य आवश्यक सेवाहरु सम्बन्धी विभिन्न निशुल्क एकिकृत घुमती शिविरहरु संचालन गरिनेछ।

२.२.५. घरमा हुनेप्रसुतीलाई शुन्यमा पुर्याउने लक्ष्यका साथ महिला तथा स्वमसेविकाहरुलाई कार्य सम्पादन मुल्याङ्कनका आधारमा प्रोत्साहन प्रदान गरि अभियान संचालन गरिनेछ।

२.२.६. पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

२.२.७. आयुर्वेद गाउँघर क्लिनिक संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२.२.८. विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागी स्यनेटरी प्याड निशुल्क उपलब्ध गरिनेछ।

२.२.९. खोपयुक्त गाउँपालिकालाई दिगो बनाई राख्न र कुपोषणको पहिचान गरि शिघ्र कुपोषण न्युनिकरण कार्यक्रम निरन्तरता दिईनेछ।

२.२.१०. महिलाहरुको लागि स्तन पाठेघर सम्बन्धी क्यान्सर उपचारमा सहयोग गर्ने नीति गरिनेछ।

२.२.११. आयुर्वेद कार्यालयको भवन निर्माण कार्य गर्न अगाडी बढाईनेछ।

२.२.१२. जेष्ठ नागरिकहरुलाई सम्मानका साथै नियमित स्वास्थ्य जाँच गर्न व्यवस्था मिलाईनेछ।

२.२.१३. गर्भवती तथा सुत्केरी आमालाई नियमित जाँच सम्बन्धी आवश्यक व्यवस्था मिलाईनेछ।

२.२.१४. स्वास्थ्य विमा सम्बन्धी नीति अगाडी बढाई कार्यान्वयनमा ल्याईनेछ।

२.२.१५. पालिकास्तरीय रक्तदान कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ।

**२.३. खानेपानी तथा सरसफाई**

२.३.१. स्वच्छ र सुन्दर गाउँ स्वास्थ्य जिवनको आधारलाई मुर्तरुपदनि गाउँपालिका भरि स्वच्छ खानेपानीको अभावमा भएका टोलबस्तीहरुमा खानेपानीको आवश्यक व्यवस्था मिलाईनेछ।

२.३.२.सामाग्री सहित सरसफाई कर्मीको व्यवस्थापन गरिनेछ।

२.३.३. सरसफाई तथा खानेपानी शुद्धिकरण बारे जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।

२.३.४. विभिन्न सर्वजनिकस्थानमा सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थापन गरिनेछ।

२.३.५. पानी परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

२.३.६. पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन विभिन्न किसिमका साझेदारी कार्यक्रमलाई अगाडी बढाईने नीति अवलम्बन गरिनेछ।

**२.५. लैंगिक समानता सामाजिक न्याय तथा सामावेशिकरण**

२.५.१. एकल तथा विपन्न महिलाहरुलाई आयआर्जन तथा सिपमुलक कार्यक्रम संचालन गर्न बजेटको व्यवस्थापन गरिनेछ।

२.५.२. महिला सशक्तिकरण कार्यक्रम, घरेलु हिंसा लगायत सबै प्रकारका हिंसा र विभेदहरुको अन्त्य गर्नको लागी कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरिनेछ।

**२.६. खेलकुद विकास**

२.६.१. खेलकुदको माध्यबाट स्वास्थ्य युवा जनशक्तिको निर्माण गरि गाउँपालिकाको विकासमा प्रयास गरिनेछ।

२.६.२. वडा तथा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता युवाहरुको चाहना अनुरुप संचालन गरिनेछ।

**२.७. बालबालिका**

२.७.१. बाल क्लवहरुलाई बहुपक्षिय विकास क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

२.७.२. वडा स्तरिय गाउँ बाल संरक्षण तथा संम्वर्धन समितिलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ। साथै आवश्यकता अनुसार सहयोगको नीति लिईनेछ।

२.७.३. SEE परीक्षामा उच्च अंक क्रमशः(जि.पी.ए तिन छात्र र तिन छात्रा)को लागि प्रोत्साहन स्वरुप अध्यक्ष पुरस्कारको व्यवस्था गरिनेछ ।

२.७.४. फरक क्षमता भएका बालबालिकाहरुलाई शिक्षाको लागि सम्बन्धीत ठाउँमा पुर्याउने नीति लिनेछ ।

२.७.५. बालविबाहजस्तै अन्य रुढिवादी प्रथाको अन्त्य गर्न सामाजिक जनचेतना अभिबृद्धिमापहल गरिनेछ ।

**२.८. महिला**

२.८.१. समृद्ध समाज निर्माण गर्न महिला शिक्षालाई विशेष ध्यान दिनको लागि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२.८.२. महिलाहरुको आय आर्जनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२.८.३. महिला हिंसा, दाइजो प्रथा, कुरिति तथा अंधविश्वास रोक्नको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२.८.४. हिंसामा परेका महिला बालबालिका लाई आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

**२.९. अपाङ्ग (फरक क्षमता भएका)**

२.९.१. फरक क्षमता भएका व्यक्तिहरुलाई वाहल गर्ने अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

२.९.२. फरक क्षमता भएकाहरुलाई आवश्यकता अनुसारको सहयोग सामाग्री उपलब्ध गराउने नीति लिनेछ ।

२.९.३. फरक क्षमता भएकाहरुको लागि स्वास्थ्य, शिक्षा तथा रोजगारीको विशेष प्राथमिकता दिईनेछ ।

२.९.४. फरक क्षमता भएका व्यक्तिहरुलाई सशक्तिकरणको नीतिलाई निरन्तरता दिईनेछ ।

**२.१०. मधेशी, मुस्लिम, लोपोन्मुख, आदीवासी तथा पिछडीएका वर्ग**

२.१०.१. कानुनी हक अधार सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२.१०.२. विपन्न मधेशी, मुस्लिम, लोपोन्मुख, आदीवासी लगायतका पिछडावर्गको उत्थानका लागि विभिन्न आयमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१०.३. विभिन्न पर्व तथा दिवसहरु मनाउनको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**२.११. जेष्ठ नागरिक**

२.११.१. जेष्ठ नागरिकका सम्मान तथा आवश्यक सहयोग सामाग्री प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**२.१२. युवा**

२.१२.१. गाउँपालिकाको युवा नीति लाई अवलम्बन गरिदै लगिनेछ ।

२.१२.२. युवाहरुको लागि विभिन्न किसिमका सिप तथा रोजगारी मुलक कार्यक्रम संचालन गरिने नीति लिईने छ ।

**३. पूर्वाधार विकास**

३.१. गाउँपालिकाको पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण कार्य अगाडी बढाईने छ ।

३.२. गाउँपालिका क्रमागत योजनालाई निरन्तरता दिइनेछ । साथै सिलबन्दी दलभाउपत्र तथा बोलपत्र आह्वान गरि सम्पन्न हुन नसकेका योजना म्याद थप गरि आगामि आ.ब.मा सम्पन्न गरिने नीति अवलम्बन गरिनेछ ।

३.३. जिल्ला समन्वय समिति, प्रदेश सरकार, संघीय सरकारको समपुर र विशेष अनुदानको रुपमा प्राप्त योजनाहरुको सम्पन्न गराउन आवश्यक पहल गरिनेछ ।

३.४. पूर्वाधार विकासमा अन्य सरकारी, गैरसरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु संग साझेदारी योजना कार्यान्वयन गर्ने निति लिनेछ ।

३.५. बस्ती विकास तथा भवन निर्माण आचार संहिता पूर्णरुपमा पालना गरिनेछ ।

३.६. व्यवस्थित वस्ती विकासका लागि आवश्यक पहल गरिनेछ।

३.७. सडक अधिकार क्षेत्रको पालना हुने गरिपक्की संरचना तथा घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास कार्यलाई व्यवस्थीत बनाईने छ।

३.८. बैकल्पिक उर्जा प्रविधिलाई प्राथमिकता दिई बजेट विनियोजना गरिनेछ।

३.९. आठवटै वडाहरुमा डिप ट्यूवेल जडान गरिने नीति अवलम्बन तथा सार्वजनिक पोखरी, सार्वजनिक जग्गाको संरक्षण गरिनेछ।

३.१०. सडक कालोपत्रे गर्दा बस्ती बजार क्षेत्रमा अनिवार्य रुपमा नाला निर्माण गर्ने र सम्बन्धीत सडकको राइट अफवे सडकको नाम र विवरण जानकारी गराउन होडीङ्ग वोर्डको व्यवस्था मलाईनेछ।

३.११. सोलारप्यानल सहितको सडक बत्ती जडान कार्य गरिनेछ।

३.१२. गाउँपालिकाको एक वडामा कम्तीमा एक वटा रणनितिक योजना संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

३.१३. सडकहरुको मर्मत सुधार तथा स्तरोन्नती कार्य गर्न मर्मत सम्भार कोषको स्थापनाका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

३.१४. गाउँपालिका क्षेत्र भित्र रहेका सडकहरुमा क्रमागत रुपमा कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिदै सोका लागि विशेष प्राथमिकतामा राखी पर्याप्त बजेटको व्यवस्था मिलाउन संघीय एवंम प्रदेश सरकारका साथै सम्बन्धीत निकायहरुमा पहल गरिनेछ।

३.१५. विपन्न घर परिवारहरुको लागि लक्षित कार्यक्रम फुसको छानो हटाई टिनको छाना लगाउने र जनता आवास कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ।

३.१६. यस गाउँपालिका भित्र रहेका अधुरो योजनालाई प्राथमिकतामा राखि आगामि आ.व. मा समपन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३.१७. समग्र मायादेवी गाउँपालिकाको पूर्वाधार विकास कार्यक्रम अन्तर्गत निर्माणधिन १५ शैया अस्पताल प्रशासकीय भवन र अन्य आवश्यक संरचनाहरुको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

३.१८. गाउँपालिकास्तरीय योजनाहरु सञ्चालन गर्दा बढी जन-सहभागीता जुटाउन सक्ने योजना तथा क्रमागत योजनाहरुलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ।

३.१९. गाउँपालिका भित्र आफ्नै वडा भवन नभएको वडा कार्यालय निर्माणका लागि आवश्यक व्यवस्था मिलाईने छ।

## ४. वातावरण तथा विपत व्यवस्थापन

### ४.१. विपत व्यवस्थापन

४.१.१. वातावरण तथा विपत व्यवस्थापन समिति गठन तथा विपत व्यवस्थापन कार्ययोजना निर्माण गरि निरन्तरता दिईनेछ।

४.१.२. आपतकालिन उदार कार्यलाई प्रभावकारी बनाउन स्थानीय युवा तथा सुरक्षा निकाय र रेडक्रस लगायत सरोकारवालाहरुको सहभागितामा गाउँपालिकास्तर र वडा स्तरमा आपतकालिन उदार तथा सहयोग समिति गठन गरिनेछ।

४.१.३. विपतको आवस्थामा तत्काल राहत र पुर्ननिर्माण कार्य संचालन गर्न विपद व्यवस्था कोषमा आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

४.१.४. गाउँपालिका भित्र रहेका पोखरी ताल इनारहरुको संरक्षणको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

### ४.२. वातावरण

४.२.१. गाउँपालिकास्तरमा निर्माण गरिने सबै योजनाहरु वातावरणमैत्री बनाई वातावरण संरक्षणमा जोडदिनेछ ।

४.२.२. वातावरण संरक्षण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

४.२.३. वन व्यवस्थापनमा जोड दिईनेछ ।

### ४.३. फोहरमैला व्यवस्थापन

४.३.१. सरसफाई सम्बन्धी जनचेतामुलक कार्यक्रम संचालन गरिनेछ र जथाभावी फोहर गर्न जो सुकैलाई दण्ड जरिवाना गरिने नीति लिईनेछ साथै विश्व वैश्वीकरणको क्षेत्रमा उचित नीति तहत कार्य गरिनेछ ।

४.३.२. सरकारी, गैरसरकारी कार्यालय, बाक्लो वस्ती, टोल बजारबाट निस्केको फोहरलाई गाउँपालिकाबाट फोहर संकलन गरि उचित व्यवस्थापन गरिनेछ साथै सरकारी तथा निजी क्षेत्रमा पनि वातावरण संरक्षणका लागि विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिने नीति लिईनेछ ।

४.३.३. सरकारी तथा निजि क्षेत्रमा वातावरण संरक्षणका लागि विरुवा रोप्ने कार्यलाई अगाडि बढाईनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

५.१.१. गाउँपालिकाको निश्चित क्षेत्रहरु गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरु र पर्यटकिय क्षेत्रहरुमा Free wi fi Zone बनाउने लक्ष्य अनुरुप सम्बन्धित निकाय संग समन्वय गरि सो कार्यलाई अगाडी बढाईने छ ।

५.१.२. गाउँपालिका क्षेत्रभित्रका सुरक्षा निकायको कार्यलाई सहजिकरण गर्न गाउँपालिकाको श्रोत साधानले भ्याए सम्म आवश्यकता हेरी आवश्यक भौतिक तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराइने नीति लिनेछ ।

५.१.३. गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तिय संस्था र सहकारी संस्थाहरुलाई समय समयमा लोककल्याणकारी कार्यका लागि परिचालन गराउने नीति लिनेछ ।

५.१.४. गाउँपालिकाका विविध गतिविधिहरुको सबै गाउँपालिका वासीहरुमा जानकारी गराई सुशासन अभिवृद्धि गर्न गाउँ मोबाईल एपको प्रयोग गरिनेछ ।

५.१.५. सेवा प्रवाहलाई अझै व्यवस्थित छिटो छरिटो र सेवाग्राहीमैत्री बनाउन कर्मचारीहरुमा सेवा गर्ने भावनाको विकासका साथै क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

५.१.६.मायादेवी गाउँपालिकालाई सुशासनमैत्री गागउँपालिकाको रुपमा स्थापित गर्नका लागि भ्रष्टचारमा शुन्य सहनशिलताको नीति प्रभावकारी रुपमा अगाडी बढाईने छ । साथै सबै वडामा नागरिक वडापत्र, कर दर सम्बन्धी विवरणहरुलाई Digitalized प्रविधिमार्फत नागरिकहरुलाई सुसुचित गरिने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

५.१.७. गाउँपालिका कार्यालय महाहतमा रहेका सबै वडा कार्यालयहरुमा सुशासन युक्त बनाउन सम्पादन भएका काम कार्वाहीमहरुको सन्दर्भमा वर्षमा कम्तिमा तिन (३) पटक सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

५.१.८. गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु जनप्रतिनिधि, निर्माण समितिका पदाधिकारी, संघ, संस्था गाउँपालिका अन्तर्गतका विभिन्न समूहका पदाधिकारीहरुलाई नेतृत्व क्षमता विकास, कानुन तथा काम कर्तव्य र अधिकार सम्बन्धी भ्रमण गोष्ठी तालिम सेमिनार अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

५.१.९. गाउँपालिकाको स्विकृत रिक्त दरबन्दीमा आवश्यकता अनुसार कर्मचारीको व्यवस्थापन गर्न नियमानुसार करार तथा मासिक/दैनिक ज्यालादारीमा कर्मचारी पदपूर्ती गरिनेछ ।

५.१.१०. कार्यालयको अभिलेख तथा व्यवस्थापनलाई चुस्तदुरुस्त बनाई प्राविधिक मैत्री एवंम सबै वडा कार्यालयलाई विद्युतिय सुशासनमा आवद्ध गरिनेछ।

५.१.११. आवश्यकता अनुसार गाउँपालिकाका जनप्रतिनिध तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५.१.१२. गाउँपालिका भित्र रहेका वडा कार्यालय,सम्पूर्ण मा.वि.विद्यालय लगायतका मुख्य-मुख्य चोकमा सि.सि.टी.भी. क्यामरा जडान गरि गाउँपालिकाको काम कारवाहीलाई प्रभावकारी रुपमा संचालनमा ल्याईनेछ।

५.१.१३. पालिकाको संस्थागत क्षमता स्वामुल्याङ्कन अभिबृद्धिका लागि आवश्यक पर्ने कार्यहरुलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ।

५.१.१४. अनलाईन राजस्व संकलनको व्यवस्थालाई थप प्रभावकारी रुपमा संचालन तथा कार्यान्वयनमा ल्याईनेछ।

५.१.१५. गाउँपालिकाको स्रोत र सम्भाव्यता अध्ययन गरि स्थानीयतहको आय बृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ।

५.१.१६. गाउँपालिकाको वस्तुगत विवरण सहित स्रोत नक्सा तयारी कार्यलाई अध्यावधीक गरिनेछ।

५.१.१७. सबै विषयतग रुपमा विस्तृत परियोजना तयार गरि साझेदारीमा संघ तथा प्रदेशको बजेट प्राप्त गर्न आवश्यक कार्य गर्ने छ।

५.१.१८. स्थानीय पत्रकारहरुको क्षमता विकासका क्रियाकलाप संचालन गरिनेछ।

५.१.१९. सार्वजनिक सुनुवाई, सामाजिक लेखापरिक्षण तथा सार्वजनिक लेखापरिक्षण कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।

५.१.२०. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन सूचकसहितको अनुगमनको ढाचाँमा कार्यलाई निरन्तरता दिईनेछ।

५.१.२१. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंक मार्फत भुक्तानी दिने व्यवस्थालाई निरन्तरता दिईनेछ र बैंक सँगको समन्वयमा असक्त जेष्ठ नागरिक तथा पुर्ण अपाङ्गहरुलाई घरमै पुगेर वितरण गर्ने व्यवस्था मिलाई निरन्तरता दिईनेछ।

५.१.२२. नेपाल सरकारको नीति अनुरुप पेश्की शुन्य नीति अवलम्बन गरिनेछ।

५.१.२३. पेश्की बेरुजु फर्छौट कार्यलाई प्राथमिकता दिई न्यूनिकरण गरिनेछ।

५.१.२४. कार्यालयमा कल रिसिभर फोन र ईन्टरकमको व्यवस्था मिलाईनेछ।

५.१.२५. सर्पदंश लगायतका विषयमा सूचना सन्देशमूलक होडिङ्गबोर्ड चोक बजार तथा चौरहामा लगाई जनधनको क्षतिबाट बचाईने छ।

५.१.२६. कार्य सम्पादनको आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन/पुरस्कृत गरिनेछ।

५.१.२७. गाउँपालिका भित्र विद्युतिकरणमा विषेश जोड दिदै अति गरिब विपन्न घरपरिवार दलित सिमान्कृत वर्गलाई नि:शुल्क विद्युत मिटर वितरण गर्ने नीति लिईनेछ।

५.१.२८. मुस्कान सहितको सेवा निरन्तरता प्रदान गरिनेछ।

५.१.२९. गाउँपालिकाको निर्णय कार्यन्वयन, विकास निर्माणमा समन्वय र अन्य आवश्यक कार्यमा परिचालन गर्ने गरि नगर प्रहरी भर्ना तथा परिचालन गर्नेकार्यलाई अगाडी बढाईनेछ।

५.१.३०. आवश्यकता, औचित्य तथा मूल्याङ्कनका आधारमा कर्मचारीका साथै विषय विशेषज्ञको सेवा लिने नीतिलाई निरन्तरता दिईनेछ।

५.१.३१. सुशासन प्रवर्धनका लागि एकद्वार नीति प्रणालीको नीति अवलम्बन गरिनेछ।

५.१.३२. गाउँपालिकाको भौगोलिक सुचना प्रणालीमा आधारीत गुरुयोजना निर्माण गरिनेछ।

५.१.३३. डिजिटल गाउँपालिकाको नीति अवलम्बन गरिनेछ।

## ६ प्रधानमन्त्रि रोजगार कार्यक्रम

६.१.१. देशमा विद्यमान वेरोजगारिदर कम गर्नका लागि आवेदन आह्वान गरि रोजगारसेवा केन्द्रमा सूचिकृत गरिनेछ।

६.१.२. वेरोजगार तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरि विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ।

६.१.३. संबैधानिक अधिकारहरुको अधिकतम प्रयोग गर्दै एक घर/एक रोजगारको नीति निर्माणका लागि संघीय सरकार सँग पहल गरिनेछ।

६.१.४. संघ तथा प्रदेश सरकारले ल्याएको रोजगार मुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।

६.१.५. पालिकास्तरीय विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सुचीकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ।

६.१.६. महिला तथा पुरुष कामदारहरुलाई हरेक काममा समान ज्याला उपलब्ध हुनेगरी नीतिगत व्यवस्था कायम गरिनेछ।

६.१.७. यस गाउँपालिका भित्र बसोबास गर्ने अतिविपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकताबाट बञ्चित नहोउन उद्देश्यले आन्तिरक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्यलाई पहिलो प्रथमिकता दिईनेछ।

६.१.८. व्यवसाय संचालन र सुरक्षाको प्रत्याभूत गर्दै आय आर्जनका कार्यहरु गर्न र उत्प्रेरीत गर्ने नीति लिईनेछ।

६.१.९. वेरोजगार विपन्न र कृषि लगायतका क्षेत्रका काम गर्ने मजदुरहरुको अवस्था र आवश्यकतालाई मध्यनजर गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको अवसरलाई अझै प्रभावकारी बनाईनेछ।

## ७. न्यायिक समिति

७.१. न्यायीक कार्य सम्पादन तर्फ मेलमिलाप केन्द्रलाई निरन्तरता दिईनेछ।

७.२. मेलमिलाप कर्ताहरुलाई थप क्षमता विकास तर्फ ध्यान केन्द्रित गरिनेछ।

७.३. निस्कृय भएका मेलमिलापकर्ताको ठाउँमा थप मेलमिलाप कर्ता उत्पादन गरिनेछ।

७.४. सुशासन तथा मेलमिलाप विच सेवालाई निरन्तरर्ता दिईनेछ।

७.५. सामाजिक बजारीकरण कार्यक्रम संचालक तथा न्यायिक समितिको कार्यसम्पादनका बारे आम सचेतिकरण कार्य संचालन गरिनेछ।

७.६. न्याय सम्पादनको कार्यमा संलग्न हुने सबैको क्षमता अभिबृद्धिका लागी आवश्यकता अनुसारको कार्यक्रम संचालन गरिनेछ।

७.७. स्थानीय तहलाई न्यायिक अधिकार प्राप्त भएकोले यसको प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक पहल गरिनेछ।

## ८. विविध

८.१. प्रदेश सरकार तथा संघीय सरकार सँगको साझेदारी सहकार्य सह-लगानीमा सञ्चालन हुने सडक, खानेपानी, सिचाई, भवन, पर्यटन विकास, कृषि, पशुपंक्षी, विकासका, शिक्षा, स्वास्थ्यका साथै सबै योजनाहरुका लागी सम्पुरक कोष स्थापना गरी कार्यान्वयनको पहल गरीने छ ।

८.२. लागु औषध विक्रि वितरणलाई पूर्ण रुपमा बन्देज गर्न प्रशासन सँग सहकार्य गरी कार्यक्रम संचालन गरीनेछ ।

८.३. युवाहरुलाई खेलकुद प्रति आकर्षक बढाउन खेलकुद मैदानको निर्माण प्रशिक्षण विभिन्न प्रतियोगिताको आयोजना, गाउँपालिका बाहिरको खेलकुदमा सहभागीता, खुल सामाग्रीहरु वितरण गर्न आवश्यक बजेट विनीयोजन गरिनेछ ।

८.४. वडाहरुमा कार्य सम्पादन मुल्याङ्कनको आधारमा विकास निर्माण सम्बन्धी योजनाहरुलाई प्राथमिकता दिईनेछ ।

८.५. राजश्व सम्बन्धी नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागी सोसम्बन्धी कार्य विधि बनाई लागु गरिनेछ ।

८.६. विभिन्न विषयगत क्षेत्रको लागी सल्लाहकार नियुक्त गर्न सकिनेछ ।

८.७. जनसमुदायको सेवा सुविधाको लागी सेवा केन्द्र स्थापना गरिनेछ ।

८.८. यस पालिकाको दिर्घकालिन विकासका लागि दीगो विकासका अवधारणालाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

अन्तयमा विगतमा गाउँ सभाले अख्तियार गरेका नीतिहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिने प्रतिबद्धताका साथ नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग प्राप्त गर्ने उद्देश्यले जनस्तर समेतको सहभागीता रहने गरी प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ र मायादेवी गाउँपालिका सम्बन्धी ऐन, कानुनहरुको अधिनमा रहि जिम्मेवारी सहितका आवश्यक समिति र उप-समितिहरुको निर्माण गरिनेछ । मायादेवी गाउँपालिकाको बाह्रौ गाउँ सभा तयारी गर्न सहयोग पुर्याउनु हुने सम्पूर्ण गाउँ सभाका सदस्य ज्यूहरु कर्मचारी साथीहरुलाई हार्दीक धन्यबाद ज्ञापन गर्दछु । साथै आगामी दीनहरुमा पनि यहाहरुको सकृय सहभागिता सकारात्मक सोच र निरन्तर सहयोग हुने विश्वास व्यक्त गर्दै यो नीति तथा कार्यक्रमलाई सर्वसम्मत रुपमा पारीत गरिदिनुहुन श्रद्धेय सदस्य ज्यूहरुमा अनुरोध गर्दै विदा हुन्छु ।